# विद्यालय सुधार योजना

# School Improvement Plan[SIP]

## अद्यावधिक वर्ष :२०७०

**Updated Year: 2070 BS.**

**<u>प्रस्तुतकर्ता</u>**

**सानोदुम्मा माध्यमिक विद्यालय**

**सानोदुम्मा-३,थर्पु, भोजपुर**

**श्री जिल्ला शिक्षा कार्यलय, भोजपुर**

**२०७०**

# स्वीकृति पत्र

...................................

(प्रणराज न्यौपाने)
जिल्ला शिक्षा अधिकारी

................................

(धर्मप्रसाद तिवारी)
विद्यालय निरीक्षक

...............................

(बमबहादुर कार्की)
स्रोतव्यक्ति

................................

(तिलविक्रम राई)
अध्यक्ष
वि.व्य.स.

# भूमिका

विद्यालय एक शैक्षिक संस्था हो । जसको मूल ध्येय भनेको समाजको आवश्यकता अनुकुल शैक्षिक जनशक्तिको आधारशिला तयार पार्नु हो । त्यसैले विद्यालयको मूख्य लक्ष्य तथा उद्देश्य बालबालिकाको शैक्षिक उन्नयनका लागि शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गर्नु तथा त्यस सँग सम्वन्धित कार्यहरु गर्नु नै हो । त्यसैले एउटा विद्यालयले बालबालिकाको शैक्षिक उपलब्धि अभिवृद्धिसँग सम्वन्धित थुप्रै कार्यहरु सम्पादन गर्नुपर्ने जरुरी हुन्छ । जसको लागि योजनावद्ध कार्यप्रक्रियाको खाँचो पर्दछ । यसै कुरालाई हृदयङगम गरी विद्यालयको सर्वाङ्गिण पक्षको विकासको निम्ति पञ्चवर्षीय योजनाको रुपमा विद्यालय सुधार योजना निर्माण गर्नु पर्ने प्रावधान रहिआएको छ । यसका साथै पञ्चवर्षीय विद्यालय सुधार योजनालाई हरेक वर्ष अद्यावधिक गरी कार्यन्वयन गर्नु पर्ने परिप्रेक्षमा सानोदुम्मा माध्यमिक विद्यालयको शैक्षिक वर्ष २०७० सालको लागि  विद्यालय सुधार योजना अद्यावधिक गरिएको छ ।

यस विद्यालय सुधार योजना निर्माणमा प्रत्यक्ष परोक्ष रुपमा संलग्नता तथा सहयोग पुऱ्याउनु हुने श्री जिल्ला शिक्षा कार्यलय, भोजपुर परिवार, स्रोतव्यक्ति, वि.व्य.स. र अ.शि.सं. का पदाधिकारीहरु, शिक्षकहरु, अभिभावकहरु र विद्यार्थीहरु प्रति समेत हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

२०७० बैशाख

.......................

अर्जुन राई<br>
प्रधानाध्यापक<br>
सानोदुम्मा मा.वि.<br>
सानोदुम्मा-३, थर्पु, भोजपुर

# १. पृष्ठभूमिः

विद्यालय एउटा यस्तो सार्वजानिक एवम् सामाजिक संस्था हो । जसले समुदायको आवश्यकता अनुसारको हरेक तहको जनशक्ति उत्पादनको आधारशिला तयार गरी सहयोग पुऱ्याउदछ । विद्यालय समुदायमा समुदायद्वारा समुदायकै निम्ति नै स्थापित संस्था हो । राज्यको शैक्षिक योजनाहरु कार्यन्वयनमा सबभन्दा तल्लो स्तरमा प्रत्यक्ष रुपमा समुदायसँग सम्बन्ध राख्ने निकायको रुपमा पनि विद्यालयलाई लिन सकिन्छ । वास्तवमा विद्यालयमा समुदायको लगानी हुन्छ । त्यसैगरी विद्यालयले समुदायको शैक्षिक आवश्यकता पूरा गर्ने कार्य गर्दछ । विद्यालयको शैक्षिक तथा भौतिक विकासको निम्ति विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक कार्यकारी समिति तथा विद्यालय प्रशासकको रुपमा रहने प्रधानाध्यापकको पनि उतिकै जिम्मेवारी र कर्तव्य हुन जान्छ । तथापि विद्यालयको विकासको निम्ति सम्पूर्ण सरोकारवालाहरुको भूमिका उतिकै महत्वपूर्ण हुने गर्दछ । विद्यालय एउटा सरकारी संस्था भएको हेतुले सरकारी नियम, परिधि मापदण्डमा रहेर सञ्चालन गर्नुपर्ने हुन्छ, साथै विद्यालयको पृथक योजनाहरु आवश्यकतानुसार तय गरी कार्यन्वयन समेत गर्नुपर्ने हुन्छ । यसका लागि हरेक पाँच वर्षमा पञ्चवर्षीय विद्यालय सुधार योजना तयार पारी वर्षेनी अद्यावधिक गरी कार्यन्वयन गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ ।

विद्यालय सुधार योजना विद्यालयको शैक्षिक,भौतिक, जनशक्ति एवम् अन्य समग्र पक्षहरुको विकासको मार्गचित्र (Road Map) को रुपमा लिन सकिन्छ । यसै परिप्रेक्षमा सानोदुम्मा माध्यमिक विद्यालयको समग्र पक्षको विकासको निम्ति विद्यालय सुधार योजना:२०६९-२०७३ को आधारमा यस चालु शैक्षिक वर्ष २०७० सालको निम्ति देहय बमोजिमका मुख्य तीन वटा पक्षहरुमा सुधार गर्ने गरी यो विद्यालय सुधार योजना (अद्यावधिक) प्रस्तावना तयार पारिएको छ । यस योजनामा स-साना तर महत्वपूर्ण कार्यहरुलाई विषेश प्राथमिकता दिइएको छ ।

## १.१, विद्यालयको ऐतिहासिक पृष्ठभूमिः

वि.सं. २०१० साल बैशाख ११ गते स्थानीय शिक्षाप्रेमीहरु तथा सर्वसधारणहरुको विशेष पहलमा ***झ्याम्टे विद्यालय***को नामबाट स्थापित सानोदुम्मा मा.वि. को संक्षिप्त ऐतिहासिक पृष्ठभूमिः

- वि.सं. २०११ साल जेठ १ मा डिष्ट्रिक सोल्जर बोर्डमा ***झ्याम्टे अपर प्राइमरी स्कूल***को नामबाट स्वीकृत भइ सञ्चालन निरन्तरता पाएको ।
- वि.सं. २०२० साल माघ ९ गते वि.जि.शि.नि. भोजपुर बाट ***झ्याम्टे मिडिल इङलिस स्कूल***को नाममा स्वीकृत भइ सञ्चालन निरन्तरता ।
- वि.सं. २०३१ पौष १ गते रा.शि.प.यो. लागु हुँदा यस विद्यालयको नाम ***सानोदुम्मा प्राथमिक विद्यालय*** हुन पुग्यो भने कक्षा-७ सम्मको पठन पाठनलाई कक्षा १-३ मा सीमित गरिएको ।
- वि.सं. २०४१ सालमा तत्कालिन विद्यालय परिवारको विशेष पहलमा जिल्ला शिक्षा कार्यलयबाट कक्षा-४ सञ्चालनको अनुमति प्राप्त ।
- वि.सं. २०५९ भाद्र ३० गते क्षेत्रिय शिक्षा निर्देशनालयबाट नि.मा.तह कक्षा-६ सञ्चालन अनुमति प्राप्त ।

- वि.सं. २०६७ बैशाख १४ गते मा.तह कक्षा-९ सञ्चालन अनुमति प्राप्त ।
- वि.सं. २०६८ साल देखि प्रवेशिका परीक्षामा विद्यार्थीहरु सामेल गराउन शुरुवात ।

## २. शैक्षिक वर्ष २०७० सालका लागि तय गरिएका प्रमुख कार्ययोजनाहरुः

यस चालु शैक्षिक सत्र २०७० सालमा विद्यालयको शैक्षिक पक्ष, स्वास्थ्य तथा सरसफाइ, बालमैत्री विद्यालयको अवधारणा लगायत अन्य पक्षहरुमा सुधारको निम्ति तय गरिएका प्रमुख कार्ययोजनाहरु, तिनका लक्ष्य तथा उद्देश्य र कार्यप्रक्रियाहरु क्रमशः प्रस्तुत गरिएको छ :

## २.१, शैक्षिक पक्ष सुधारको निम्ति योजनाः

शैक्षिक वर्षः २०७० सालमा सानोदुम्मा माध्यमिक विद्यालयको शैक्षिक पक्षको सुधारलाई पहिलो प्राथमिकता दिइएको छ । शैक्षिक पक्षमा हालको मौजुदा स्थितिबाट माथि उठ्नको निम्ति कार्ययोजनाहरु, लक्ष्य एवम् उद्देश्यहरु र कार्यप्रक्रिया बारेमा संक्षिप्त रुपमा यस खण्डमा उल्लेख गरिएको छ ।

विद्यालयको शैक्षिक पक्ष सुधारको निम्ति निम्न पक्षहरुमा समेटिनेछन् :

- शिक्षक कर्मचारी पक्षमा ।
- विद्यार्थी पक्षमा ।
- अभिभावक पक्षमा ।
- शैक्षिक सामग्री ।
- परीक्षा र मूल्याङकनमा सुधार ।
- कोचिङ्ग कक्षाहरु सञ्चालन गर्ने ।
- वडा-वडामा ट्युसन कक्षाहरु सञ्चालन ।

## २.१.१, लक्ष्य तथा उद्देश्यः

शैक्षिक सुधार योजनाको कार्यन्वयनबाट निम्नानुसारका लक्ष्य तथा उद्देश्यहरु पूरा हुने अपेक्षा गरिएका छन् :

- हरेक विषयगत, कक्षागत तथा तहगत औसत शैक्षिक उपलब्धि न्यूनतम ३५ प्रतिशत वा सो भन्दा माथि पुऱ्याउने ।
- प्रवेशिका परीक्षाको नतिजामा सुधार ल्याउने ।
- उत्तीर्णदरमा सुधार ल्याइ कक्षा दोहोऱ्याउने दर न्यूनिकरण गर्ने ।
- विद्यालय छाड्ने दर [Drop–Out Rate] घटाउने ।
- विद्यालयमा शैक्षिक वातावरण सिर्जना गर्ने ।

- अभिभावकहरुलाई बालबालिकाको शैक्षिक सुधारमा समाहित गराउने ।
- बालमैत्री कक्षा सञ्चालन तथा बालमैत्री विद्यालयको विकास गर्ने ।

## २.१.२, कार्य प्रक्रियाः

**शिक्षक-कर्मचारी पक्षमाः**

- आवश्यकतानुसार जुनसुकै समयमा तथा नियमित मासिक शिक्षक स्टाफ बैठक बसी आइपरेका समस्या र आफ्ना अनुभवहरु अदान-प्रदान गर्ने परिपाटीको विकास गरिनेछ ।
- शिक्षकहरुले आफूले अध्यापन गराउने विषय प्रति पूर्ण जिम्मेवार हुनुको साथै जवाफदेहीता [Accountability] बढाइनेछ ।
- विद्यार्थीहरुको विदा र हाजिरी सम्बन्धमा वर्ग शिक्षकहरुलाई जिम्मेवारी प्रदान गरिनेछ । वर्गशिक्षकहरुले हरेक महिनाको अन्तिम दिन वा अर्को महिनाको पहिलो हप्ता भित्र त्यस्तो विवरण विद्यालय प्रशासनलाई उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- शिक्षकहरुले घण्टी लागेको बढिमा पाँच मिनेट भित्रमा आफूले पढाउनुपर्ने कक्षामा प्रवेश गरिसक्नुपर्नेछ, साथै अर्को घण्टि नलागे सम्म अति जरुरी काम परेको बाहेक कक्षाकोठा बाहिर निस्कन शक्त मनाही गरिनेछ ।
- शिक्षक तथा कर्मचारीहरुको विद्यालय अनुपस्थितिमा विशेष कडाइ गरिनेछ । हाजिर नभएको दिनहरुको अभिलेख अद्यावधिक गरी राखिनेछ ।
- शिक्षकहरुले विदामा बस्नु परेमा पूर्व स्वीकृति अनिवार्य लिनु पर्ने प्रावधान कडाइको साथ लागु गरिनेछ ।
- हरेक शिक्षकहरुलाई एउटा कक्षाको वर्ग शिक्षकको रुपमा जिम्मेवारी दिइनेछ । जसले उक्त कक्षाको विद्यार्थीहरुको दैनिक हाजिरी अभिलेख up to date गरी गयल जरिवानाहरु समेतको अभिलेख राख्नुको साथै विद्यालय प्रशासनमा मासिक रुपमा जानकारी दिनुपर्ने नियम लागु हुनेछ ।
- शिक्षकले अध्यापन गराउने हरेक कक्षा र विषयहरुमा विद्यार्थीहरुको मासिक रुपमा उपलब्धी परिक्षण आफैले अनुकुल समय मिलाइ लिनुपर्नेछ, जसको अभिलेख समेत राखिनेछ ।
- प्रत्येक शिक्षकले बैशाख र कार्तिकमा अनिवार्य **TIP** निर्माण गर्ने परिपाटी बसालिने छ ।
- प्रत्येक शिक्षकले आफूले अध्यापन गराउने विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरुको अधिकतम उपयोग गरी प्रभावकारी शिक्षण गर्नु पर्नेछ । त्यसको नियमित सुपरिवेक्षण र अनुगमन प्र.अ. बाट साथै स्रोतयक्ति र वि.नि. मार्फत समय-समयमा सुपरिवेक्षण र निरीक्षण गराउने तथा परामर्शको व्यवस्था गर्न प्रयास गर्ने ।
- शिक्षण सिकाइ क्रियाकलापमा स्थानीय तथा उपलब्ध शैक्षिक सामग्रीहरुको अधिकतम प्रयोग गर्नु पर्नेछ । त्यसको अनुगमन तथा सुपरिवेक्षण प्र.अ. ले नियमित रुपमा गरी अभिलेख राख्ने व्यवस्था गर्ने ।

- CAS फाराम निरन्तर समयमै भर्ने र CAS मा विद्यार्थीको उपलब्धीको मापन गर्दा दिइने रेजा संख्याको आधार विषय शिक्षकले पेस गर्नुपर्ने प्रावधान राख्ने । हचुवाको भरमा रेजा लगाउने प्रवृत्ति निरुत्साहित गरिनेछ ।
- शिक्षकहरुलाई प्रोत्साहन गर्न वर्ष भरीको मूल्याङकनको आधारमा Best teacher of the Year घोषणा गरी सम्मान तथा पुरस्कृत गरिनेछ । यसको लागि शिक्षा ऐन नियमावलीमा का.स.मू मा व्यवस्था भए बमोजिमका आधार तथा अन्य आधारहरु लिने ।
- शिक्षकहरुद्वारा जाँच गरिएको विद्यार्थीहरुका उत्तरपुस्तिकाहरु सबै विद्यालयमै संकलन गर्नुपर्नेछ ।
- शैक्षिक सत्र भरीमा अधिकतम विद्यालय उपस्थित हुने शिक्षकलाई सम्मान तथा पुरस्कृत गरिने छ ।

### २.१.३, विद्यार्थी पक्षमाः

- विद्यार्थीहरुको दैनिक उपस्थितिलाई सबभन्दा जोड दिइनेछ ।
- विद्यार्थी नियमितता बढाउन हाजिर नहुने विद्यार्थीहरुलाई दैनिक जरिवानाको अवधारणा ल्याइनेछ ।
- विद्यालय समयमा विद्यालयबाट भाग्ने प्रवृति न्यूनिकरण गर्न भाग्ने विद्यार्थीहरुलाई पनि जरिवानाको दायरामा ल्याइनेछ ।
- विद्यार्थीहरुलाई अनुशासन र नैतिकताको सवालमा कडाइ गरिनेछ ।
- विद्यार्थीहरुले विदा लिनु परेमा अभिभावकको स्वीकृति सहितको पत्र पेश गरेमा महिनामा ३ दिन सम्म विदा स्वीकृती दिइनेछ अन्यथा जरिवाना लाग्ने नियम लागु गरिनेछ ।
- विद्यार्थीहरुलाई विद्यालय पोशाकको अनिवार्यता गराइनेछ । विशेषगरी छात्रा केटीहरुलाई स्कर्ट वा फकको सट्टामा पइण्ट लगाउन प्रोत्साहन गरिनेछ । किनकि विद्यार्थीहरुलाई कतिपय शारीरिक क्रियाकलापहरु तथा खेलकूदको कार्यहरुमा सरिक गराउन पोसाकले पनि अप्ठयारो स्थिति सिर्जना हुन सक्ने अनुभव गरिएको छ ।
- विद्यार्थीहरुलाई अभिभावक भेला, भेटघाट, छलफल, अन्तरक्रिया र परामर्श जस्ता जुनसुकै कार्यक्रममा पनि सहभागी गराइनेछ ।
- विद्याथीहरुलाई विद्यालय समयमा Mobile प्रयोगमा अंशिक रुपमा प्रतिबन्ध को व्यवस्था गरिनेछ । केही सर्तहरु लागु गरेर Mobile प्रयोग गर्न दिन सकिनेछ ।
- विद्यर्थीहरुले विषय शिक्षक तथा विद्यालयद्वारा निर्धारण गरिएको गृहकार्य,परियोजना कार्य, प्रयोगात्मक कार्य आदि सबै समयमा पूरा गर्नु पर्नेछ ।
- विद्यार्थीहरुको मूल्याङ्कन विषय शिक्षक, विद्यालयको परीक्षा तथा मूल्याङकन समिति र प्र.अ. को संयुक्त वा छुट्टाछुट्टै प्रयासबाट समेत गर्न सकिनेछ ।
- हरेक विद्यार्थीहरुको निरन्तर मासिक उपलब्धी परिक्षण गरिनेछ, त्यसको अभिलेख विद्यालयमा राखिनेछ, र त्यसको वैधताको लागि प्र.अ.ले निरन्तर रुपमा र समय समयमा स्रोतव्यक्ति र वि.नि. मार्फत निरीक्षण एवम् सुपरिवेक्षण गराइनेछ ।

- शैक्षिक वर्षको अन्त्यमा "School toper" ३ जना र हरेक कक्षाका "Top-3" ३ जनालाई पुरस्कृत गर्ने परिपाटी यहि वर्षबाट शुरु गरी निरन्तरता दिइनेछ ।
- विद्यार्थीहरुको मासिक उपलब्धि परीक्षण गर्ने र त्यसको त्रैमासिक रुपमा अभिभावकहरु समक्ष पुऱ्याउने व्यवस्था गरिनेछ । यसका लागि Student Progress Report Card छपाइनेछ ।
- शैक्षिक सत्र भरीमा अधिकतम विद्यालय उपस्थित हुने विद्यार्थीलाई पुरस्कृत गरिने छ ।

### २.१.४, अभिभावक पक्षमाः

- विद्यालयमा सकेसम्म नियमित रुपमा अभिभावक भेटघाट कार्यक्रमहरु राखिनेछ ।
- आफ्ना बालबालिकाहरुको शैक्षिक अवस्थाको बारेमा विद्यालय तथा शिक्षकहरुसँग निरन्तर सम्पर्कमा रहने वातावरण बनाइनेछ ।
- अभिभावकहरुले बालबालिकालाई नियमित विद्यालय पठाउनु पर्नेछ ।
- बालबालिकालाई शैक्षिक सामग्रीहरु तथा थप स्वाध्ययन सामग्रीहरुका व्यवस्था गरिदिनु पर्नेछ ।
- बालबालिकालाई घरमा अध्ययनको लागि समय मिलाउनको साथै पढ्ने कोठा र बत्तीको राम्रो प्रवन्ध गरिदिनु पर्नेछ ।
- बालबालिकालाई दैनिक हरियो सागसब्जी, गेडागुडी,फलफूलहरु अथवा सन्तुलित भोजन तथा ताजा खानेकुराहरु खुवाइ स्वस्थ बनाउनु पर्नेछ ।
- बालबालिकाको स्वास्थ्य, सरसफाइमा ध्यान पुऱ्याउनु पर्नेछ ।
- बालबालिकालाई श्रमप्रति सकारात्मक भाव राख्न उत्प्रेरित गर्न अनुरोध गर्ने ।
- आफ्ना मौलिक धर्म, संस्कार, भाषा, कला र संस्कृतिको अनुभुति गर्ने अवसर साथै त्यसको असल पक्षको अनुसरण गराउनु पर्नेछ ।
- बालबालिकालाई हरेक स्थान र परिस्थितिमा अनुशासित, नैतिकवान एवम् मर्यादित आचरण अपनाउन उत्प्रेरित गर्नु पर्नेछ ।
- बालबालिकालाई अनिवार्य विद्यालय पोसाकको व्यवस्था गरिदिनु पर्नेछ ।
- बालबालिकालाई मादक पदार्थ तथा धुम्रपानबाट विलकुल टाढा राख्नु पर्नेछ ।

### २.१.५, परीक्षा र मूल्याङकनमा सुधारः

निरन्तर मूल्याङन गरी बालबालिकाको सिकाइ उपलब्धि जाँच गरी पृष्ठपोषण प्रदान गर्दै शिक्षण शिकाइको आवश्यक रणनीति तय गर्न एकाइ परीक्षा, मासिक परीक्षा अनिवार्य रुपमा लिइनेछ । एकाइ परीक्षा तथा मासिक परीक्षा सरञ्चालनको जिम्मेवारी विषय शिक्षकलाई दिइनेछ । यस्ता

परीक्षाहरु विषय शिक्षकले समय मिलाएर आफ्नो कक्षा  समयमा सञ्चालन गर्नु पर्नेछ । निरन्तर मूल्याङकनको अभिलेख विद्यालयमा अनिवार्य राखिनेछ ।

### २.१.६, कोचिङ कक्षा सञ्चालनः

विद्यार्थीहरुको शैक्षिक उपलब्धि न्यन हुँदै गइरहेको वर्तमान परिप्रेक्षमा खास गरी प्रवेशिका परीक्षाको नतिजा सुन्य आउनुले थप दुःखदयी स्थिति सिर्जना भएको छ । त्यसैले प्रवेशिका परीक्षाको नतिजालाई मध्येनजर गरी तुलनात्मक रुपमा कठिन विषयहरुमा अतिरिक्त कोचिङ कक्षाहरु सञ्चालन गरिनेछ । कोचिङ कक्षाहरु खास गरी निम्न माध्यमिक तथा माध्यमिक तहका बालबालिकाहरुका लागि सञ्चालन गरिनेछ ।

### २.१.७, वडा वडामा अतिरिक्त कक्षा सञ्चालनः

प्राथमिक तहका सबै बालबालिकाहरुका लागि प्रत्येक वडामै स्थानीय अभिभावकहरुको सहयोगमा एक एक जना सहजकर्ता व्यवस्था गरी अतिरिक्त कक्षा सञ्चालन गर्ने । सहजकर्तालाई अभिभावकहरुको सल्लाह बमोजिम शुल्क संकलन गरी प्रदान गर्ने व्यवस्था गरिनेछ । विद्यालयले. यस कार्यमा सहजीकरण एवम् समन्वय गरी सहयोग पुर्‍याउने । अतिरिक्त कक्षाको समय विहान वा बेलुकी निर्धारण गरिनेछ ।

### २.१.८, विद्यालय सहयोगी पक्षमाः

- दैनिक बिहान ९:४५ बजे विद्यालय खोल्ने ।
- दिउँसोको टिफिन टाइम पछि विद्यार्थीहरुलाई एकत्रित गर्न पाँच मिनेट अघि अर्थात ०१:५५ मा नै  विद्यालय सहयोगीले घण्टि बजाउनु पर्नेछ ।
- कार्यलाय दैनिक सरसफाइ तथा व्यवस्थित गर्ने कामहरु गर्ने ।
- ठीक-ठीक समयमा घण्टी बजाउने ।
- कक्षाकोठाहरुको सरसफाइ साप्ताहिक रुपमा गर्ने ।
- विद्यालय प्रशासन द्वारा निर्देशित भए अनुसारको कामहरु गर्ने ।
- विद्यालय हाता समय समयमा सरसफाइ गर्ने ।
- विद्यालयको शौचलयहरु सरसफाइ गर्ने ।
- विद्यालयमा आइपरेका अन्य कामकाजहरु गर्ने ।

## २.१.९, शैक्षिक सामग्री

विद्यालयको कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप उद्देश्यमूलक,प्रभावकारी एवम् रोचक बनाउन शैक्षिक सामग्रीको विशेष महत्व रहन्छ । शैक्षिक सामग्रीको प्रयोग गरी अध्यापन गरउन सकेमा बालबालिकाहरुले थोरै समयमा धेरै कुराहरुको ज्ञान सीपहरु ग्रहण गर्न तथा अनुभव लिन सक्दछन् । कुनै शैक्षिक सामग्रीहरु स्थानीय स्तरमा निर्माण गर्न सकिने पनि हुन्छन र कुनै सामग्री किनेर पनि व्यवस्था गर्नुपर्ने हुन्छ । अगामी दिनहरुमा शैक्षिक सामग्री सम्बन्धमा देहाय बमोजिमका रणनीतिहरु अपनाइने छ,

- यहि शैक्षिक सत्र देखि कक्षाकोठामा स्थानीय स्तरमा निर्माण गर्न सकिने र पाइने सामग्रीहरुको पहिचान गरी सम्बन्धित विषय शिक्षकले अधिकतम प्रयोग गर्ने ।
- विद्यालयमा आवश्यक पर्ने विद्यार्थी संख्या अनुसारको नक्शा, एटलास, ग्लोब, फिगरहरु सकेसम्म यहि शैक्षिक वर्षमा व्यवस्था गरिनेछ । यो क्रम सालिन्दा थप्दै लगिने छ ।
- विज्ञान प्रयोगशालको कम मूल्यका केही सामग्रीहरु यसै वर्ष व्यवस्था गर्ने । अन्य बढि मूल्य पर्ने माइक्रोस्कोप जस्ता सामग्रीहरु अन्य वर्षहरुमा व्यवस्था गर्ने ।
- गणित विषयका लागि न्यूनतम आवश्यक सामग्रीहरु यसै वर्ष व्यवस्था गर्ने ।
- हरेक शैक्षिक वर्ष विद्यालयलाई प्राप्त हुने PCF:non salary fund बाट शैक्षिक सामग्रीका लागि अनिवार्य केही रकम छुट्याउने ।

## २.२ स्वास्थ्य र सरसफाइः

शैक्षिक विकासको निम्ति स्वस्थ्य र सरसफाइ पक्षको महत्वपूर्ण भूमिका रहन्छ । अंग्रेजीमा भनाइ नै छ की "Sound body sound mind" यसको तत्पर्य शरीर स्वस्थ्य भएमा मात्र स्वस्थ्य दिमाग हुन सक्दछ, र शरिर स्वस्थ दिमागले मात्र स्वस्थ चिन्तन गर्न सक्दछ । त्यसैले विद्यालय तहको पाठ्क्रममा स्वास्थ्य शारीरिक एवम् वातावरण विषयहरुको समावेश गरिएको छ ।

हाम्रा बालबालिकाहरुलाई व्यक्तिगत मात्र नभइ पारिवारिक एवम् सामुदायिक स्वास्थ्य र सरसफाइमा समेत सचेत गराइ उनीहरुको सकारात्मक व्यवहार परिवर्तन गराउन विद्यालयले अहम् भूमिका निर्वाह गर्न सक्नुपर्दछ, भन्ने मान्यतालाई शिरोपर गरी शैक्षिक वर्ष २०७० सालमा यस विद्यालयले स्वस्थ्य र सरसफाइ क्षेत्रको पक्षमा बनाएको योजना, लक्ष्य तथा उद्देश्यहरु, कार्यक्रमको कार्यप्रक्रियाहरु क्तमश प्रस्तुत गरिएको छ ।

- विद्यालय हाता सरसफाइ गर्ने ।
- शौचलयहरु मर्मत तथा सफाइ गर्ने ।
- शुद्ध पिउने पानीको आपूर्ति गर्ने ।
- कक्षाकोठाको नियमित सरसफाइ गर्ने ।
- खेल मैदानको मर्मत तथा सरसफाइ गर्ने ।

### २.२.१, अपेक्षित लक्ष्य तथा उद्देश्यः

- विद्यालय हाताको वातावरण स्वच्छ, हराभरा एवम् रमणीय हुनेछ ।
- सबै बालबालिकाहरुले शौचलयको प्रयोग गर्न पाउँने छन् साथै छात्र-छात्राले छुट्टाछुट्टै शौचलयको प्रयोग गर्न पाउनेछन् ।
- विद्यालयमा शुद्ध पिउने पानीको आपूर्ति हुनेछ साथै शौचलयमा समेत पानीको प्रबन्ध हुनेछ ।
- बालबालिकाहरुले सँधै खेल्ने अवसर पाउनेछन्, साथै घाउचोटहरु लाग्ने दुर्घटना न्यूनीकरण हुनेछ ।

### २.२.३, कार्य प्रक्रियाः

- विद्यालयको सरसफाइमा विषेश ध्यान पुऱ्याइनेछ । यसको लागि शिक्षक,विद्यार्थी तथा विद्यालय प्रशासनको संयुक्त प्रयासमा विद्यालय सहयोगीलाई परिचालन गरिनेछ र आवश्यक्ता अनुसार सबै नै पनि परिचालित हुनुपर्नेछ ।
- विद्यालय हाता नियमित रुपमा सरसफाइ गर्न विद्यालय सहयोगीलाई खटाइनेछ, साथै आवश्यकतानुसार विद्यार्थी तथा शिक्षकहरु समेत लागि पर्नु पर्नेछ ।
- हाल प्रयोगमा नआएको विद्यालयको उत्तर पूर्वमा रहेको दुई कोठे शौचलयलाई सफा गरी प्रयोगमा ल्याइनेछ । साथै अन्य शौचलयहरुको पनि सफाइ नियमित सफाइ गर्ने गराउने ।
- विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था कुनै मुहान पहिचान गरी आर्थिक स्रोत जुटाएर गर्ने ।
- कक्षाकोठाहरुको हप्तामा कम्तिमा दुइ पल्ट सफाइ गर्ने जसमा विद्यालय सहयोगीले एक पटक र विद्यार्थीहरु मार्फत एक पटक गर्ने गराउने ।
- विद्यालयको खेल मैदानमा पानीको कुलेसो काट्ने तथा सरसफाई गर्न एक जना शिक्षकको नेतृत्वमा शिक्षक तथा विद्यार्थीहरुलाई पालै पालो खटाउने ।

### २.३, भौतिक पक्षमा सुधारको निम्ति योजनाः

विद्यालयको भौतिक पक्ष सुधारको निम्ति यस वर्ष तपशिल बमोजिमका योजनाहरु तय गरिएका छन् :

- फर्निचरको व्यवस्था गर्ने । (कक्षाकोठाहरुमा विद्यार्थी उमेर अनुसारको डेक्स-बेन्च, साना कक्षाहरुमा Low Bed, हरेक कक्षामा Book Corner का लागि ऱ्याक, कार्यलयमा टेबल-कुर्सी, दराज, पुस्तकालयमा बुक ऱ्याकहरु, Study Table आदिको व्यवस्था गर्ने )
- विद्यालयको वरिपरी बाँसको भाटाको कम्पाउण्ड बनाउने ।
- खेल मैदान सुधार गर्ने ।

### २.३.१, लक्ष्य तथा उद्देश्यहरुः

- कक्षाकोठाहरुमा विद्यार्थीहरुको उमेर अनुसारको डेक्स बेन्चहरुको व्यवस्था गर्ने ।
- विद्यालयको कार्यलयमा पऱ्याप्त मात्रामा टेबल,कुर्सी,दराज आदिको प्रवन्ध गर्ने ।

- पुस्तकालयमा समेत आवश्यक बुक ऱ्याक तथा अध्ययन टेबल तथा कुर्सीहरुको प्रवन्ध गर्ने ।
- विद्यालयका सम्पूर्ण सूचनाहरु सबैको पहुचमा पुग्न सहयोग पुग्ने ।
- विद्यालय हाता सफा सुग्घर तथा बाहिरी वातावरण बाट मुक्त बनाउने ।
- बालबालिकाले खेल्ने पऱ्याप्त ठाउँ उपलब्ध गराउने ।

## २.३.२, कार्यप्रक्रिया:

- वि.व्य.स.मा विद्यालयको फर्निचर प्रवन्ध गर्ने सम्बन्धमा छलफल गरी निर्णय गर्ने ।
- विद्यालयमा आवश्यक फर्निचरको आधारमा वि.व्य.स. र विद्यालय प्रशासनले प्रस्तावना पत्र तयार गरी गाउँ विकास समिति, जि.शि.का. वा कुनै संघ संस्थामा पेश गर्ने ।
- कुनै निकायबाट योजना पारी कार्यन्वयन गर्ने गराउने ।
- विद्यालयमा उपयुक्त स्थानमा काठको एक सार्वजानिक सूचना पाटीको निर्माण विद्यालय कोषबाट खर्च गरी बनाउने ।
- विद्यालयको हातामा बाँसको घेरावरा लगाउन वडा-वडाका अभिभावकहरुलाई श्रमदानको निम्ति अनुरोध गरी सबैको जनसहभागितामा निर्माण गर्ने ।
- विद्यालयको स्वमित्वमा रहेको चौनवारीबाट आवश्यक बाँसको प्रवन्ध गर्ने ।
- विद्यालय कोषबाट खर्च गरी काठको एक सार्वजानिक सुचना पाटीको निर्माण गर्ने ।
- विद्यालयको खेलमैदान सुधार गर्न विद्यार्थी शिक्षक-कर्मचारी सबैको सहभागितामा सम्पन्न गर्ने ।

## २.४, वालमैत्री विद्यालय बनाउनको निम्ति योजना तथा कार्यप्रक्रिया:

- विद्यालयमा बालमैत्री वातावरण निर्माणमा जोड दिइनेछ ।
- कक्षाकोठामा वालमैत्री शिक्षणमा शिक्षकहरुले शिक्षण गर्ने ।
- वालमैंत्री शिक्षण भए नभएको सम्बन्धमा प्र.अ. ले नियमित जानकारी लिई सल्लाह परमर्श प्रदान गर्ने ।
- साना कक्षाहरुमा विद्यार्थीहरुको उमेर अनुसारको बस्ने प्रवन्ध गर्ने ।
- खेलकूदको सामग्रीहरु पनि बालबालिकाहरुको उमेर अनुसारको प्रवन्ध गर्ने ।
- विद्यालयमा बन्ने हरेक भौतिक पूर्वधारहरु वालमैत्री हुने तवरले निर्माण गर्ने ।
- वि.व्य.स., अ.शि.सं तथा स्टाफ बैठकहरुमा अनिवार्य रुपमा वालमैत्री वातावरण निर्माण सम्वन्धमा छलफल गरी निर्णयहरु गर्ने गराउने ।

## ३. विविध:

- ❖ विद्यालयमा सुचना पाटी अथवा Notice board को व्यवस्था गर्ने ।
- ❖ विद्यालयको तथ्याङ्कहरु कम्प्युटराइज गरी राख्न शुरुवात गर्ने ।

- ❖ विद्यालयमा Nepal Telecome तथा अन्य नीजि ISP हरुसँगको सहकार्यमा High Speed Broadband Internet Connection सुविधा उपलब्ध गर्ने ।
- ❖ विद्यालयमा सुचना तथा सञ्चार प्रविधि सम्वन्धि सामग्रीहरुको थप प्रवन्ध गर्ने ।

**क. अतिरिक्त क्रियाकलापः**

- नियमित रुपमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ । यो वर्ष प्राय हरेक हप्ता अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ । तथापि आवधिक परीक्षा सञ्चालन हुने समयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिने छैन ।
- विद्यार्थीहरुको स्तर, उमेर, मानसिक तथा वौद्धिक क्षमता र रुचि अनुसारको विविध क्रियाकलापहरु सञ्चालन गर्ने ।
- धेरै विद्यार्थीहरुलाई समेट्न सकिने तथा धेरै विषयवस्तुहरुको जानकारी प्रदान गर्न सहयोग पुग्ने भएकाले हाजिरी जवाफलाई बढि प्रथामिकता दिइनेछ ।
- यो वर्ष बादविवाद, बक्तृत्वकला, चित्रकला, साहित्य,गीत संगीत-गायन, नृत्य, शारीरिक तथा बौद्धिक खेलकूद आदि सबै किसिमका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- यस वर्ष विगतमा स्थानीय रुपमा प्रचलित तर हाल लोप हुन लागिसकेको पुरानो खेल बागचाल लाई पनि संरक्षण गर्ने हेतुले समावेश गरिएको छ । यो खेल खेल्न ज्ञाता शिक्षकहरु तथा स्थानीय व्यक्तिहरु मार्फत सञ्चालन गरिनेछ ।
- गीत संगीतको सन्दर्भमा विशेष गरि नेपाली स्वदेश गान अर्थात देशभक्तिले ओतप्रोत गीत संगीत तथा मौलिक नेपाली लोक संस्कृति झल्किने गीत संगीत लाई प्राथमिकता दिइने छ ।
- हरेक अतिरिक्त क्रियाकलापका विजेता विद्यार्थीहरुलाई पुरस्कारको समेत व्यवस्था गरिनेछ ।

**ख. खेलकूदः**

बालबालिकाहरुको शारीरिक विकासको निम्ति खेदकूदलाई विशेष रुपमा विद्यालयमा स्थान दिइनु पर्दछ । विद्यालय उमेरका बालबालिकाहरुको मानसिक,वौद्धिक,शारीरिक संवेगात्मक विकास गराउन विद्यालयले भूमिका खेल्न सक्नु पर्दछ । त्यसैले हाम्रो विद्यालयमा नियमित विभिन्न खेलकूद तथा शारीरिक कसरत गराउने किसिमक एथ्लेटिक्स साथै वौद्धिक र मनोरञ्जनात्मक खेलहरुलाई समेत स्थान दिदै लगिने छ ।

- यस वर्ष विद्यालयको बीचमा रहेको ग्राउण्डमा सुधार गरी भलिबल कोर्ट बनाइनेछ ।
- साना तथा ठूला कक्षाका विद्यार्थीहरुलाई उमेर र स्तर अनुसारको तथा आफ्नो रुचि अनुसारको विविध यut door तथा indoor games को व्यवस्था गर्ने ।
- Indoor games मा धेरैजसो बौद्धिक खेलहरुलाई प्राथमिकता दिइनेछ ।
- हाल विद्यालयको स्वमित्वमा रहेको विद्यालय भन्दा दक्षिण पूर्वी स्थानमा रहेको फराकिलो बारीको गह्राको पश्चिम पट्टि बाँसको अग्लो बार लगाएर सँधै भरी खेल्न मिल्ने फुटबल खेल मैदान बनाइनेछ ।
- प्रस्तुत कार्यहरु सम्पन्न गर्न विद्यार्थीहरुलाई नै परिचालन गरिनेछ ।

## ग. सन्दर्भ स्रोत सामग्रीहरुको व्यवस्थाः

विद्यालयमा शिक्षकहरुलाई आफ्नो शिक्षण क्रियाकलाप प्रभावकारी बनाउन निरन्तर अध्ययन गरी अप टु डेट हुनु नितान्त जरुरी हुन्छ । त्यसैले स्थानीय बजारमा प्राप्त भए जति स्वाध्ययन सामग्री तथा शिक्षक निर्देशिकाहरु विद्यालयमा उपलब्ध गराइनेछ । साथै विद्यालयमा आवश्यक पर्ने विभिन्न विषय वस्तुसँग सम्बन्धित स्वाध्ययन तथा सन्दर्भ स्रोत सामग्रीहरु बजारमा उपलब्ध भए सम्म विद्यालयको आर्थिक स्रोतले पुगेसम्म व्यवस्था गरिनेछ ।

- माध्यमिक तहको विषयगत स्वाध्ययन सामग्रीहरुको खरिद गरिनेछ ।
- नविनतम् बृहत सामान्य ज्ञानकोषहरु,सामान्य ज्ञानहरु विद्यालयमा व्यवस्था गरिनेछ ।
- सन्दर्भ सामग्रीहरु सालिन्दा वृद्धि गर्दै लगिनेछ ।

## घ. पुस्तकालयको व्यवस्थाः

पुस्तकालय विद्यालयको एक अति अनिवार्य पक्ष हो । पुस्तकालय बिनाको शिक्षण सिकाइ गर्नु भनेको दाल र भात मात्र खानु जस्तै हो । यदि तरकारी,चट्नी-अचार पनि भएमा थप बढि खाना रुचि भए जस्तै पुस्तकालय भएमा शिक्षण सिकाइमा थप बढोत्तरी हुनेछ । विद्यालयमा हाल पुस्तकालयको व्यवस्था नहुँदा विद्यार्थी तथा शिक्षक दुवै पक्षलाई कठिनाइ भइरहेको कुरालाई मध्यनजर गरी तत्काल विद्यालयमा औपचारिक रुपमा पुस्तकालयको व्यवस्थाको शुरुवात गरिनेछ । यसका लागि यस प्रकारको योजना बनाइएको छ ।

- विभिन्न दाताहरुसँग सहयोगको वातावरण बनाएर पुस्तकालय स्थापनाको योजना अघि बढाइनेछ ।
- सुचना तथा सञ्चार एवम् सामाजिक सञ्जालहरुको माध्यमबाट आर्थिक सहयोगको मार्ग प्रशस्त गरिनेछ ।
- विभिन्न प्रकाशक, लेखकहरुसँग पुस्तकहरु अनुदान सहयोगको अभियान सञ्चालन गरिनेछ ।
- शिक्षक तथा विद्यार्थीहरुलाई समय समयमा विद्यालयमा पुस्तक उपहार दिने परिपाटि बसालिनेछ ।
- विद्यालयलाई सानो सानो सहयोग गर्न चाहाने विभिन्न व्याक्तिहरुलाई पुस्तकहरु नै सहयोग गर्न प्रेरित गरिनेछ ।
- विद्यालयलाई सहयोग गर्ने सम्पूर्ण महानुभावहरुको अभिलेख राखि वार्षिकोत्सव कार्यक्रममा सम्मानित गरिनेछ । साथै धेरै सहयोग पुर्‍याउनेको फोटो र नामवाली विद्यालयमा राखिनेछ ।

## ङ. भित्ते पत्रिका प्रकाशनः

यस शैक्षिक सत्र देखि विद्यालयमा एक मासिक भित्ते पत्रिका प्रकाशन गर्न शुरुवात गरिनेछ । विद्यालय साझा फूलबारी जस्तै हो । यहाँ विभिन्न जातजाति, भाषाभाषिका बालबालिकाहरु रहन्छन् । ती सबैको सिर्जनात्मक प्रतिभा प्रस्फुटन साथै विविध मातृभाषाहरुको जगेर्णको निम्ति विद्यालयमा ***साझा फूलबारी*** नामको मासिक भित्ते पत्रिका सञ्चालन गरिनेछ । उक्त भित्ते पत्रिकामा नेपाली, अंग्रेजी

भाषाको साथै निश्चित स्थानमा दुङमाली राई तथा तामाङ भाषामा समेत विद्यार्थीहरुको सिर्जनाहरु समावेश गर्ने गरि ***भित्ते पत्रिका सञ्चालन निर्देशिका*** ल्याइनेछ । उक्त भित्ते पत्रिका विद्यार्थीहरुकै विशेष संलग्नतामा सञ्चालन गरिनेछ ।

## ४. भावि लक्ष्य तथा योजनाः

- प्राथमिक तहमा स्थानीय विषय/मातृभाषाको रुपमा स्थानीय स्तरमा तयार गरी लागु गर्नु पर्ने १०० पूर्णाङकको विषयमा स्थानीय दुङमाली भाषा वा कृषि सम्बन्धि पाठ्यक्रम विकास गरी लागु गरिनेछ । यो क्रमलाई नि.मा. तह तथा क्रमिक रुपमा राज्यको नीति अनुरुप माथिल्लो स्तर सम्म पुऱ्याउने ।
- शिक्षण-शिकाइ प्रक्रियमा सुचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगलाई मध्यजनर राखि विजुली बत्तिको सुविधा आइन्जेल सम्ममा अत्यधुनिक कम्प्युटर ल्याब स्थापना गर्ने । र, अनिवार्य कम्प्युटर शिक्षा प्रदान गर्ने । विजुली बत्ती सुविधा विलम्ब हुने भएमा वैकल्पिक स्रोतको रुपमा ठूलो शक्तिको सौर्य उर्जाको व्यवस्था गर्ने ।
- हाल विकास भइरहेको शैक्षिक तथा शिक्षण सँग सम्बन्धित विविध Software हरुको प्रवन्ध गरी कक्षाकोठामा अधिकतम् प्रयोग गर्ने ।
- ICT लाई कक्षाकोठामा उपयोग गर्न प्रयासरत नेपालकै Midas तथा OLE Nepal जस्ता संस्थाहरुसँग सहकार्य बढाउदै अघि बढ्ने ।
- हालको जीर्ण भवनहरुको स्थानमा अत्याधुनिक पक्की भवनहरु क्रमशः बनाउन प्रयास गर्दै जाने । साथै पक्की कम्पाउण्डको व्यवस्था गर्ने ।
- भविष्यमा बृहत लाइब्रेरीको स्थापना गर्ने । साथै e-library को स्थापना गरी विद्यालयलाई ICT Hub को रुपमा विकास गर्ने ।

# अनुसुचि-१

## विद्यालयको मौजुदा तथा अपेक्षित सिकाइ उपलब्धि विवरण:

| क्र सं | कक्षा | विषयहरु | नेपाली | अंग्रेजी | गणित | विज्ञान स्वास्थ्य | सामाजिक सि.क | स्थनीय (अंग्रेजी) | कक्षागत औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङक | १०० | १०० | १०० | १०० | १०० | १०० | ६०० |
| २ | एक | मौजुदा स्थिति २०६९ | २४.५४ | २४.५३ | २२.५ | २५.२४ | २५.५ | २३.५० | २४.३० |
| | | अपेक्षित लक्ष्य २०७० | २६.५६ | २५.५० | २५.५० | ३२.०० | २८.२० | २६.५० | २७.३८ |
| ३ | दुइ | मौजुदा स्थिति २०६९ | २४.७७ | २८.५० | २६.५ | २८.०० | २०.८ | १८.८० | २४.५६ |
| | | अपेक्षित लक्ष्य २०७० | २५.५८ | ३०.५६ | २९.२० | ३२.५० | २३.६० | २३.१० | २७.४२ |
| ४ | तीन | मौजुदा स्थिति २०६९ | २५.८० | २८.२५ | ३२.०० | ३६.१६ | ३७.०० | ३२.०८ | ३०.७६ |
| | | अपेक्षित लक्ष्य २०७० | ४०.५० | ३२.५० | ३५.०० | ३८.५० | ४०.०० | ३४.८० | ३६.८८ |

**प्राथमिक तह ४-५**

| क्र सं | कक्षा | विषयहरु | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | स्थनीय (अंग्रेजी) | सि.क. | स्वास्थ्य | कक्षागत औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङक | १०० | १०० | १०० | ५० | ५० | १०० | ५० | ५० | ६०० |
| २ | चार | मौजुदा स्थिति २०६९ | ३७.४५ | ३१.०५ | २८.०० | १२.०० | ३०.०० | ३५.६५ | १०.०० | १३.२४ | ३२.९० |
| | | अपेक्षित लक्ष्य २०७० | ३९.५० | ३३.०६ | ३२.५० | १६.५० | ३४.०० | ३७५० | १५.५० | १५.४५ | ३५.८६ |
| ३ | पाँच | मौजुदा स्थिति २०६९ | ४४.५७ | ३३.१४ | २७.६० | १७.२० | २४.३८ | ३३.५७ | ८.१३ | १७.२० | २५.७२ |
| | | अपेक्षित लक्ष्य २०७० | ४६.४५ | ३५.५५ | ३०.६५ | २०.०० | २८.०० | ३५.५० | १४.५० | २०.२५ | ३०.४८ |

**निम्न माध्यमिक तह**

| क्र सं | कक्षा | विषयहरु | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | पेसा,प्रविधि | स्थानीय (कम्प्युटर) | स्वास्थ्य | नैतिक | कक्षागत औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङक | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ५० | ५० | ८०० |
| २ | छ | मौजुदा स्थिति २०६९ | ४३.६१ | ४४.४४ | ३३.३८ | ३६.०० | ४०.४४ | ३४.५५ | ३६.५० | २६.३३ | १५.५७ | ३४.५४ |
| | | अपेक्षित लक्ष्य २०७० | ४५.५५ | ४८.५० | ३५.५५ | ४०.५५ | ४४.५५ | ३८.५० | ४०.५० | ३०.५० | २०.५५ | ३८.३१ |
| ३ | सात | मौजुदा स्थिति २०६९ | ३०.४७ | ३९.४० | २८.९० | ३१.६७ | ३२.३३ | | | २४.०० | २२.५६ | २९.९० |
| | | अपेक्षित लक्ष्य २०७० | ३५.५५ | ४४.५५ | ३४.४५ | ३५.५० | ३५.४५ | ३०.०० | २८.२५ | २९.५० | २५.५० | ३३.१९ |
| ४ | आठ | मौजुदा स्थिति २०६९ | ४०.७४ | ४०.१७ | ३२.३३ | ४२.३९ | ४६.२० | | | २५.६५ | १८.२२ | ३५.१० |
| | | अपेक्षित लक्ष्य २०७० | ४५.५५ | ४५.२५ | ३५.४५ | ४५.५५ | ४८.४५ | ३५.५० | ३८४५ | २९.०० | २५.५० | ३८.६९ |

**माध्यमिक तह**

| क्र सं | कक्षा | विषयहरु | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | स्वा.ज. वातावरण | अर्थशास्त्र | शिक्षा | कक्षागत औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङक | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ८०० |
| २ | नौ | मौजुदा स्थिति २०६९ | ३९.६२ | ४२.२६ | ३३.३६ | ४०.२१ | ४०.०६ | ४४.३१ | ३९.४१ | ४४.६३ | ४०.४७ |
| | | अपेक्षित लक्ष्य २०७० | ४५.५० | ४५.५५ | ३५.५० | ४५.५५ | ४५.५५ | ५०.०० | ४४.५० | ४८.०० | ४५.०२ |
| ३ | द्यश | मौजुदा स्थिति २०६९ | ३८.२० | ३०.७० | २५.४० | ४०.३१ | ४०.०२ | ४१.८२ | २६.६० | ३३.३९ | ३४.५६ |
| | | अपेक्षित लक्ष्य २०७० | ४५.०० | ३५.५० | ३३.५० | ४५.५० | ४५.५० | ५०.०० | ३५.०० | ३८.०० | ४१.०० |

*स्रोत: विद्यालय अभिलेख: २०६९/७०*

***समाप्त***